# सिद्धलेक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## बुङचुङ, धादिङ

## आ.व. ०७८/०७९ को आन्तरिक आयको ठेक्का बन्दोवस्त गर्ने बोलपत्र आह्वान सम्बन्धी सूचना

मिति : २०७८।०४।०१

**IFB NO: IR/IFB/01/2078/79**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को घ (६) तथा प्रदेश आर्थिक ऐन २०७७ को दफा ९ (१) को अनुसूची ५ मा भएको व्यवस्था र सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन २०७८ को दफा १६ को व्यवस्था अनुसार सिद्धलेक गाउँपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि २०७५, राजस्व परामर्श समितिको सिफारिस अनुसार गाउँ कार्यपालिकाको मिति २०७८।०३।२५ को निर्णय अनुसार आर्थिक वर्ष २०७८।७९ का लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले गाउँपालिकाबाट तोकिएको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित स्थानहरूबाट मात्र स्वीकृत परिमाणभन्दा बढी उत्खनन नहुने गरी ढुङ्गा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, भट्टामा प्रयोग हुने माटो, चिप्सको कर तथा शुल्क सङ्कलन कार्यको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कारबाही वा कालो सूचीमा नपरेको स्वघोषणा पत्र, आर्थिक वर्ष २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र र अख्तियारनामाको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

| सि.नं. | बोलपत्र नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७८/७९ का लागि कायम वार्षिक न्यूनतम अङ्क (मू.अ. कर बाहेक) | सङ्कलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | IR/01/2078/79 | ढुङ्गा, गिट्टी, बालुवा, बेस, चिप्स, भट्टामा प्रयोग हुने माटो, क्रसरबाट निस्केको धूलो, शुल्क संकलन कार्य | बिक्री शुल्क ढुंगा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, प्रति क्यू फिट ९।०० (नौ रुपैयाँ) | रु.२,५६,००,०००।- (दुई करोड छपन्न लाख मात्र) | IEE भएको खोला, क्रसर, बालुवा धुने उद्योगहरू समेत गरी जम्मा २८,४४,४४४।४४ घन फिट | ५,०००।- | ठेक्का रकमको ५ प्रतिशत |

- ❖ ठेक्का सम्बन्धी सर्त तथा विस्तृत विवरण यस कार्यालयको website www.siddhalekmun.gov.np मा हेर्न सकिनेछ र www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।